# चुरे गाउँपालिका
# (Chure Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office Of The Rural Municipal Executive)

प.सः- २०८३/०८४
च.नं. :- ११

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**सामाजिक परीक्षण (Social Audit) कार्यक्रम सञ्चालनका लागि प्रस्तावना(दररेट) पेश गर्ने सम्बन्धी सूचना।**

**सूचना नं.११ प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०६/२० गते**

उपरोक्त सम्बन्धमा आ.ब. २०८३/०८४ को बार्षिक स्वीकृत स्वास्थ्य कार्यक्रम अन्तर्गत **स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण** बमोजिम आ.ब. २०८२/२०८३ मा यस चुरे गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरुवाट प्रवाह भईरहेको स्वास्थ्य सेवा, कार्यक्रम तथा गतिविधीहरुको पारदर्शिता, जवाफदेहिता, सेवाको गुणस्तर तथा सेवाग्राहीको सन्तुष्टी अभिबृद्धि गर्ने उद्देश्यले गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका छ वटै वडाका स्वास्थ्य संस्थाहरुमा कार्यक्रम संचालन गर्नुपर्ने भएकाले तपसिल बमोजिमका बिषयबस्तु समेटिने गरी कार्यक्रम संचालनका लागि सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र शिलबन्दी प्रस्तावना पेश गर्नुहुन यो सूचना सम्बन्धीत सवैका लागि प्रकाशित गरिएको छ। साथै प्रस्ताव पेश गर्ने फर्म/संस्थाहरु पालिकाको जिन्सी शाखामा अनिवार्य रुपमा सुचीकृत भएको हुनुपर्नेछ।

**सामाजिक परिक्षण समेट्नुपर्ने बिषय:**

१. स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाको समिक्षा तथा सार्वजनिक सुनवाई।
२. सेवाग्राही सन्तुष्टी तथा गुनासो संकलन।
३. स्वास्थ्य संस्थाको सेवा प्रवाह, औषधी तथा स्वास्थ्य समाग्रीको अवस्था समिक्षा।
४. सेवा प्रवाहमा देखिएका समस्या, चुनौती, तथा सुधारका क्षेत्र पहिचान।
५. सेवाग्राही तथा समुदायवाट प्राप्त सुझाव संकलन गरी सुधारका कार्ययोजना निर्माण।
६. सामाजिक परीक्षणको प्रतिवेदन तयार गरी चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने।

**सामाजिक परिक्षण गर्नुपर्ने स्वास्थ्य संस्थाहरु:**

१. निगाली स्वास्थ्य चौकी, वडा नं. १
२. खैराला स्वास्थ्य चौकी, वडा नं. २
३. सहजपुर स्वास्थ्य चौकी, वडा नं. ३
४. गर्भा आधारभुत स्वास्थ्य सेवा केन्द्र, वडा नं. ४
५. खानीडाँडा आधारभुत स्वास्थ्य सेवा केन्द्र, वडा नं. ५
६. शान्तीनगर आधारभुत स्वास्थ्य सेवा केन्द्र, वडा नं. ६

**कार्यक्रम संचालनका लागि कुल बिनियोजित रकम : १,५०,०००/- (एक लाख पचास हजार मात्र)**

**प्रस्तावना संग पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु:**

१. संस्था दर्ता प्रमाणपत्र
२. PAN/VAT प्रमाण पत्र
३. नवीकरण प्रमाणपत्र
४. करचुक्ता प्रमाणपत्र
५. संस्था/फर्मको प्रोफाइल
६. अनुभवको प्रमाणपत्र
७. सम्बन्धित कामगर्ने जनशक्तिको विवरण/CV
८. प्रस्तावना दररेट/कोटेशन
९. सम्झौता गर्ने अधिकृत ब्यक्तिको विवरण सहितको प्रस्तावना
१०. फर्मको बैंक खाता विवरण

.................................
धर्मराज खत्री
प्रमुख प्रशासकीय अधिकृत